जि.प्र.का द.नं. ४५९

पान नः ६०६०७९७०५

# शहिद परिवार समाज नेपाल

## Shahid Pariwar Samaj Nepal (SPSN)

सन्धिखर्क, अर्घाखाँची Sandhikharka, Arghakhanchi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प. सं:- ०८०-०८१
च.नं:- ३५

**"कृषि तथा पशु विकासमा आधारीत सानाकिसान तथा यूवा उद्यमशीलता साझेदारी विकास परियोजना" युवा उद्यमी व्यवसाय प्रवर्धनका लागि आवेदन माग सम्बन्धी सुचना ॥**

प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१४

लुङ्ग्री गाँउपालिका को आर्थिक सहयोग, हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग र शहिद परिवार समाज नेपाल, अर्घाखाँचीको सहजीकरणमा संचालित **"कृषि तथा पशु विकासमा आधारीत सानाकिसान तथा यूवा उद्यमशीलता साझेदारी विकास परियोजना"** को मुख्य लक्ष्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जीविकोपार्जन सुधार गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध लाभग्राहीहरूलाई स्वावलम्वी महिला समूहहरू, युवा समुहहरू तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, सुधारिएको बाख्रा, भैसी, बंगुर तथा कुखुरा पालन व्यवस्थापन, खाद्यान्न बाली (मकै, सिमि र गहुँ) को बीऊ उत्पादन, तरकारी व्यवसाय र अन्य सम्भावित क्षेत्रहरूमा उन्नत प्रविधिहरूको अनुसरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृंजना गर्नु रहेको छ ।

यसै अर्न्तगत सञ्चालन गरिने युवा लक्षित कार्यक्रमका लागि कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजना बनाएका लुङ्ग्री गाँउपालिका सबै वडा ( वडा नं. १, २, ३, ४, ५, ६ र ७) का युवाहरूबाट आवेदनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आवेदन पेश गर्नका लागि पूरा गर्नुपर्ने न्युनतम मापदण्डहरू:**

- कृषि तथा पशुपंक्षीसंग सम्वन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका १८-४५ वर्ष उमेर समुहका युवाहरू ( महिला, पुरुष वा अन्य)
- लुङ्ग्री गाँउपालि सबै ( वडा नं. १, २, ३, ४, ५, ६ र ७) भित्र स्थाई बसोबास भएका नेपाली नागरिक
- मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षीपालन वा सो सम्बन्धी व्यवसाय गरिराखेका
- समुहमा आवद्ध भई काम गर्न इच्छुक
- नवीनतम् कृषि वस्तु उत्पादन सम्बन्धी व्यवसाय, बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेकालाई विशेष प्राथमिकता दिइने
- उल्लेखित विवरण पूरा गरेका युवा व्यवसायीहरूलाई आवेदन पेश गर्न अनुरोध गरिन्छ ।
- आवेदन दिएका मध्ये उपयुक्त र न्यूनतम मापदण्ड पूरा गरेकालाई प्रारम्भिक छलफलका लागि सम्पर्क गरिनेछ ।

**आवेदन पेश गर्ने अन्तिम मिति:** २०८०/१०/२८

**आवेदन पेशगर्ने स्थान:** कृषि तथा पशु विकासमा आधारीत सानाकिसान तथा यूवा उद्यमशीलता साझेदारी विकास परियोजना कार्यलय लुङ्ग्री: ०५, किलाचौर रोल्पा वा शहिद परिवारसमाज नेपाल को साखा कार्यलय सुनिलस्मृति गा.पा ४, सुलिचौर रोल्पा

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू**

१ निवेदन
२ आवेदन फारम
३ नागरिकताको प्रतिलिपी
४ फोटो
५ सम्बन्धित वडा कार्यालयको सिफारिस

नोट: मापदण्ड पुरा भई छनौटमा परेका उम्मेदवारलाई मात्र कार्यक्रममा समावेश गरिनेछ ।
थप जानकारीको लागि सम्पर्क नम्बर ९८४२७८५६१०, ९८६७२१२२३४, ९८४८०२५३०१ ।

*Contact No: +977-9867212234*

*Email: spsnepalb@gmail.com*